नगर कार्यपालिका बैठक नं. २५
स्थानः ठूलीभेरी नगरपालिकाको सभाहल
मितिः २०८१।०३।०८

आज मिति २०८१ साल असार महिनाको ०८ गते शनिबारका दिन यस ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्वबर्ण कुमार बुढाज्यूको अध्यक्षतामा २५ औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ ।

<u>उपस्थितिः</u>

| | | | |
|---|---|---|---|
| | श्वबर्ण कुमार बुढा | नगर प्रमुख | अध्यक्ष |
| | छिरिङ्ग टोल्मा महत | नगर उपप्रमुख | सदस्य |
| | तेजेन्द्र बहादुर रोकाया | वडाध्यक्ष वडा नं १ | सदस्य |
| | कमल बहादुर क्षत्री | वडाध्यक्ष वडा नं २ | सदस्य |
| | भक्त बहादुर भण्डारी | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| | जुद्ध बहादुर बुढा | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| | भीम बहादुर रोकाया | वडाध्यक्ष वडा नं ५ | सदस्य |
| | तेजेन्द्र कार्की | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| | ध्रुबबिक्रम शाही | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| | मनराम ठकुल्ला | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| | सुबास कठायत | वडाध्यक्ष वडा नं ९ | सदस्य |
| | हर्षरुप महत | वडाध्यक्ष वडा नं १० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| | भद्र बहादुर कार्की | वडाध्यक्ष वडा नं ११ | सदस्य |
| | हैता रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | कली भण्डारी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | सरस्वती बुढा | कार्यपालिका सदस्य महिला | सदस्य |
| | पुतली देवी रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | बिष्णु कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | दिलमाया विक | कार्यपालिका सदस्य दलित | सदस्य |
| | प्रिती सार्की | कार्यपालिका सदस्य दलित | सदस्य |
| | काजीमान वि क | कार्यपालिका सदस्य दलित | सदस्य |
| | सन्तोष बहादुर खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | सन्तोष गुरुङ् | IT officer | |
| | डिल्लीराम तिमिल्सेना | सहायक पाँचौं | |
| | तुलचन्द्र बुढा | सह. लेखापाल | |
| | विष्णु न्यौपाने | का.स. | |
| | सुनिल गुरुङ | लेखापाल | |

CamScanner

नगर कार्यपालिका बैठकका प्रस्तावहरु:-

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. विनियोजन विधेयक सम्बन्धमा ।

३. राजश्व र व्ययको अनुमान बजेट सम्बन्धमा ।

४. विविध प्रशासनिक निर्णय सम्बन्धमा ।

५. आगामी नगरसभाको मिति तोक्ने सम्बन्धमा ।

६. निजी वन दर्ता सम्बन्धि कार्यविधि २०८१ सम्बन्धमा ।

७. एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ सम्बन्धमा ।

८. मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा ।

९. बालक्लव गठन तथा संचालन कार्यविधि २०८१ सम्बन्धमा ।

१०. ठूलीभेरी नगरपालिका कन्टिन्जेन्सी रकम खर्च र व्यवस्थापन कार्यविधि २०८१ सम्वन्धमा ।

११. ठूलीभेरी नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०८१ सम्बन्धमा ।

१२.ठूलीभेरी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा ।

१३.अनुमोदन सम्बन्धमा ।

१४.कार्यपालिकाले गरेका निर्णय सदर गर्ने सम्बन्धमा ।

१५.स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण र लैससास रणनीति सम्बन्धमा ।

१६.ठूलीभेरी नगरपालिका रोजगार रणनीति २०८१।०८२ देखि २०८६।०८७ सम्बन्धमा ।

१७. आवधिक योजना र राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

१८. आवधिक योजना र राजश्व सुधार कार्ययोजनाको भुक्तानी सोधभर्ना माग गर्ने सम्बन्धमा ।

१९. ठूलीभेरी नगरपालिकाको तालिम व्यवस्थापन तथा संचालन कार्यविधि २०७७ को पहिलो संशोधन सम्बन्धमा ।

२०. संघर्ष समिति गठन सम्बन्धमा ।

२१. अव्यवस्थित रुपमा बनेको घर/टहरा/वाल हटाउने सम्बन्धमा ।

२२. विद्यालय नर्स कार्यक्रम सम्बन्धमा ।

२३. लक्षित वर्गको बजेट सम्बन्धमा ।

२४. दरबन्दी थप गर्ने सम्बन्धमा ।

CamScanner

# निर्णयहरु:

**निर्णय नं १**

यस ठूलीभेरी नगरपालिकाले आगामी आ ब २०८१।८२ को लागि अवलम्बन गर्ने नीति तथा कार्यक्रम यस बैठकमा पेश भयो । नीति तथा कार्यक्रम उपर दफाबार छलफल गरियो । आगामी २०८१।०३।१० गते हुने १३ औं नगरसभामा पेश गर्ने गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस ठूलीभेरी नगरपालिकाको १३ औं नगरसभामा पेश गर्ने प्रयोजनका लागि कार्यपालिकाको आजको बैठकमा पेश हुन आएको बिनियोजन विधेयक २०८१ उपर दफाबार छलफल गरियो। विनियोज़न विधेयक २०८० पारित गर्ने सर्वसम्मत निर्णय गरियो। साथै यो विधेयक आगामी २०८१।०३।१० गते हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस ठूलीभेरी नगरपालिकाले आगामी आ ब २०८१।८२ का लागि कार्यान्वयन गर्ने राजश्व र व्ययको अनुमान स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको सिमाङ्कन संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त अनुदानको आधारमा बजेट तयार गरि कार्यपालिका हुदै नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**बार्षिक बजेट**

| शिर्षक | बजेट रु | प्रतिशत |
|---|---|---|
| जम्मा बजेट | ४८,०२,४८,०२४ | १००% |
| चालु खर्च | २९,८५,३४०२४ | ६२.१६% |
| पूँजिगत खर्च | १८१७१४००० | ३७.८४% |

**निर्णय नं. ४**

यस नगरपालिकाको चालु आ व २०७९।८० को हालसम्म भएको आम्दानी र खर्चको विवरण, रकमान्तरको विवरण, संशोधनको विवरण बैठकमा पेश भयो । हालसम्म भएको आम्दानी खर्च रकमान्तर र संशोधनलाई पारित गरी नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ५**

यस नगरपालिकाको १३. औं नगरसभाका निम्न कार्यक्रमहरु निम्न मितिमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स | विवरण | मिति |
|---|---|---|
| १ | नीति तथा कार्यक्रम पेश गर्ने र छलफल | मिति २०८१।०३।१० |
| २ | बजेट पेश गर्ने | मिति २०८१।०३।१० |

**निर्णय नं. ६**

यस ठूलीभेरी नगरपालिकाको निजी वन दर्ता सम्बन्धी बनेको कार्यविधि २०८१, आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

यस ठूलीभेरी नगरपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी बनेको कार्यविधि, २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

यस ठूलीभेरी नगरपालिकाको मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धि बनेको कार्यविधि २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

यस ठूलीभेरी नगरपालिकाको बालक्लव गठन तथा संचालन सम्बन्धी वनेको कार्यविधि २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

यस ठूलिभेरी नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च र व्यवस्थापन सम्बन्धी बनेको कार्यविधि २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ११**

यस ठूलीभेरी नगरपालिकाको ठूलीभेरी नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धि बनेको कार्यविधि २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

CamScanner

**निर्णय नं. १२**

यस ठूलीभेरी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी बनेको कार्यविधि २०८१ आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ पहिलो चौमासिक देखि हालसम्म भएको आम्दानी र खर्चको विवरण, रकमान्तरको विवरण, संशोधनको विवरण बैठकमा पेश भयो । हालसम्म भएको आम्दानी खर्च रकमान्तर र संशोधनलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसहमत पारित गरियो।

**निर्णय नं. १४**

यस ठूलीभेरी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को श्रावण महिना देखि हालसम्म कार्यपालिकाबाट भएका निर्णयहरु आगामी नगर सभाबाट सदर गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं १५**

ठूलीभेरी नगरपालिकाको लैससास परिक्षण छलफल गरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति योजना यसै कार्यपालिकाबाट पास गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १६**

यस ठूलीभेरी नगरपालिकाको ठूलीभेरी नगरपालिका रोजगार रणनीति २०८१।०८२ देखि २०८६।०८७ बनेको रणनीति आगामी १३ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो।

**निर्णय न. १७ :**

ठूलीभेरी नगरपालिकाको आवधिक योजना र राजश्व सुधार कार्ययोजना सम्बन्धमा छलफल गर्दा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत समेतको आर्थिक सहयोग तथा परामर्शदाता संस्थाको प्राविधिक सहजीकरणमा ठुलिभेरी नगरपालिकाले तयार पारेको यस

CamScanner

नगरपालिकाको आवधिक योजना ( २०८१/८२-८५/८६) र राजश्व सुधार कार्ययोजना लाई सुझाव सहित स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय न. १८ :

ठुलिभेरी नगरपालिका र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत बीच ठुलिभेरी नगरपालिकाको आवधिक योजना र राजश्व सुधार कार्ययोजना तयार गर्ने सम्बन्धमा भएको आर्थिक सहयोग सम्बन्धि सम्झौता/समझदारी बमोजिम परामर्शदाता कम्पनीले आवधिक योजना गर्ने कार्य समयमै सम्पन्न गरि प्रतिवेदन बुझाइ सकेको हुदा र उक्त प्रतिवेदन कार्यपालिका बैठकले स्वीकृत समेत गरिसकेको हुँदा यस पालिकाको विविध खर्च खाता न. ०९४०१०००००१५२०२ मा यथाशक्य छिटो सोधभर्ना भुक्तानी गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेतलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

यस ठूलीभेरी नगरपालिकाको तालिम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७७ को पहिलो संशोधन २०८१ आगामी १३ औं नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

आ.व. २०८०।०८१ को अन्तिम त्रैमासिकमा संघिय सरकारबाट प्राप्त हुने जम्मा बजेटको २५ प्रतिशत अनुदान रकम कटौती गरेको र उक्त बजेट मागको लागि केन्द्र सरकार समक्ष अनुरोध गर्न तथा दवाव मुलक कार्यक्रम संचालनको लागि ठूलीभेरी नगरपालिका नगर प्रमुख श्री श्ववर्ण कुमार बुढा ज्यूको संयोजकत्वमा एक संघर्ष समिति गठन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २१

डोल्पा जिल्लाको दुनैमा रहेको दुरसञ्चार कार्यालय दुनै डोल्पाबाट जिल्ला प्रशासन कार्यालय हुदै मुल सडक सम्मको बाटोमा सडक मापदण्ड विपरित बनेका पर्खाल/घर/टहरा हटाउन दुरसञ्चार कार्यालयलाई जानकारीको लागि अनुरोध गर्ने र अन्यथा निर्धारित मितिमा उक्त पर्खाल/घर/टहरा नहटाएमा कानून बमोजिम भइजाने भनि यो निर्णय पारित गरियो ।

निर्णय नं. २२

CamScanner

निर्णय नं. २२

यस ठूलीभेरी नगरपालिका अन्तर्गत सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयमा उक्त कार्य कार्यान्वयनको लागि ५ जना विद्यालय नर्स माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २३

यस ठूलीभेरी नगरपालिकाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत बजेट अन्तर्गत लक्षित वर्गको बजेटबाट कुखुरा पालन गरी आय-आर्जनको लागि ठूलीभेरी नगरपालिका वडा नं. ३, १, ४ र १० का दलित बस्तीलाई छनौट गरि कुखुरा वितरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २४

यस ठुलीभेरी नगरपालिकाको भू- उपयोग ऐन २०७६, भू- उपयोग नियामावली २०७९ र ठुलिभेरी नगरपालिकाको भू- उपयोग मापदण्ड २०८० अनुसार परामर्शदाता संस्थाको सहजीकरणमा भू- उपयोग कार्यान्वयन समितिले तयार गरि भू- उपयोग परिषद्मा पेश गरि स्वीकृत भएको यस नगरपालिकाको भू- उपयोग वर्गीकरण योजना २०८१ लाई स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

यस ठूलीभेरी नगरपालिका भित्र रहेका सामुदायिक विद्यालय अन्तर्गत श्री हिमालय आधारभुत विद्यालय वडा नं. ६ दुरगाउँ र श्री विद्यामन्दिर माध्यामिक विद्यालय वडा नं. ५ माझफालमा जनसंख्याको चाप बमोजिम बालबिकास कक्षामा विद्यार्थी संख्याको चाप पनि बढी भएकोले नगरपालिकाबाट स्थायी अनुदान दरबन्दी सृजना गर्नको लागि बजेट व्यवस्थापन गरी १/१ अनुदान दरबन्दी थप गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. २६

यस ठूलीभेरी नगरपालिका भित्रका आधारभुत विद्यालय  र माध्यामिक विद्यालयमा आवासिय छात्रवृत्ती, छात्रबास व्यवस्थापन तलब भत्ता लगायत अन्य विद्यालयहरुको आ.व. २०७६।०७७ । र आ.व. २०७७।०७८ को विविध छुट रकमको लागि पटक पटक विद्यालयहरुबाट माग भई आएकोले सो विद्यालयहरुलाई माग बमोजिमको रकम भुक्तानी दिने निर्णय पारित गरियो ।